# घोडाघोडी वहुमुखी क्याम्पस
## घोडाघोडी नगरपालिका १ सुखड कैलाली
## वार्षिक प्रगती प्रतिवेदन २०७४।०७५

***क्याम्पसको सातौं साधारण सभामा संचालक समितिको तर्फवाट क्याम्पस प्रमुखद्धरा तयार पारीएको वार्षिक प्रगति प्रतिवेदन २०७५***

घोडाघोडी वहुमुखी क्याम्पसको सातौ चुनावी साधारण सभाका सभाअध्यक्ष तथा क्याम्पस संचालक समितिका अध्यक्ष श्री वलीभद्र सापकोटा ज्यू, यस गरिमामय सभाका प्रमुख अतिथि सुदुरपश्चिम प्रदेका माननीय सामाजिक विकास मन्त्री कृष्णराज सुवेदी ज्यू, यस सभाका विशिष्ट अतिथि सुदुरपश्चिम प्रदेश क्षेत्रनं. ३ का सभासद माननीय अमर वहादुर साउद ज्यू, विशिष्ट अतिथि घोडाघोडी नगरपालिकाका नगरप्रमुख श्री ममता प्रसाद चौधरी ज्यू, अतिथिको आशन ग्रहण गरिगरहनु भएका अतिथथी ज्यूहरु,राजनितिक दलका प्रतिनिधिहरु, सम्पुर्ण विशिष्ट, आजिवन र साधारण सदस्य ज्यूहरु,विभिन्न संघसंस्थावाट पाल्नुभएका प्रमुख, तथा प्रतिनिधि ज्यूहरु,अभिभावक ज्यू, विद्यार्थीभाईवहिनीहरु, पत्रकार ज्यूहरु तथा उपस्थित सम्पुर्ण महानुभावहरु घोडाघोडी वहुमुखी क्याम्पसको संचालक समितिको कार्य अवधिमा सम्पन्न भएको प्रगती प्रतिवेदन यस गरिमामय सभामा प्रस्तुत गर्न पाउदा अत्यन्तै हर्षित भएको छु , साथै यस अवसरकालागि आभारी छु ।

**कार्यकममा उपस्थित अतिथि महानुभावज्यूहरु,**

यस क्यामपसको संचालक समितिको कार्यअवधिमा भए गरेका हाल सम्मका प्रगती प्रतिवेदनलाई विभिन्न उपशिर्षकहरुमा विभाजन गरि प्रश्तुत गर्ने अनुमति चाहन्छु ।

**क्याम्पसको पृष्ठभुमिः**

घोडाघोडी वहुमुखी क्याम्पस सुदुरपश्चिम प्रदशे कैलाली जिल्लाको मध्यवर्ति क्षेत्र,घोडाघोडी नगरपालिका वडा नं. १ सुखडमा वि.स. २०६२ सालमा स्थापित एक सामूदायिक क्याम्पस हो ।यस क्षेत्रमा उच्च शिक्षाको अवसर र सम्भावनाहरुलाई विस्तार गर्ने उद्देश्यका साथ यस क्याम्पसको स्थापना गरीएको थियो । मजदुर, किसान,ब्यापारी, शिक्षक ,स्थानिय राजनितिक दलहरु,शिक्षाविद्,समाजसेवी, वुद्धिजिवी,स्थानिय संघसंस्था, विद्यार्थी वर्ग सवैको सहकार्य र प्रयासवाट यस क्याम्पसले स्थापना देखि हालसम्मको अवस्थामा विकसित हुने मौका पाएको छ । हाल कैलाली जिल्लाको मध्यवर्ति क्षेत्रमा उच्च शिक्षाको केन्द्रका रुपमा यो क्याम्पस स्थापीत हुन सफल भएको छ। यस क्याम्पसले हाल उच्च तह देखि स्नातकोत्तर तह सम्म मानविकि ब्यवस्थापन र शिक्षाशास्त्र संकायमा शैक्षिक कार्यक्रम संचालन गर्दै आएको छ ।

**क्याम्पसको भौतिक विकासः**

भौतिक रुपमा सक्षम र सवल शैक्षिक संस्थाको माध्यमवाट गुणस्तरिय शिक्षाको परिकल्पना गर्न सकिन्छ । यस क्याम्पसले भौतिक पूर्वाधारको विकासमा निकै ठुलो प्रगति गरिसकेको छ । अघिल्लो वर्षका क्याम्पस संचालक समितिका भौतिक पुर्वाधारको विकास कममै यस संचालक समितिको कार्यअवधिमा क्यामपसमा भौतिक पूर्वाधार विकासका प्रगतिहरुलाई **वुदाँगतरुपमा** प्रश्तुत गर्ने अनुमति चाहन्छु ।

१.क्याम्पस परिसरको निर्मा तथा क्याम्पसमा ब्लक निर्माण कार्य सम्पन्न भएको छ ।

२. क्याम्पस परिसरमा पर्क निर्माण तथा वृक्षारोपण गरिएको छ ।
३. घोडाघोडी नगरपालीकाको सहयोगमा क्यामपसको डिग्रि भवनको ६ कोठे पहिलो तल्ला थप गरिएको छ ।
४. क्याम्पसको अधुरो गेट निर्माण कार्य सम्पन्न गरिएको छ ।
५. २३ कोठे सपिङ्ग कम्प्लेक्सको कार्य सम्पन्न भई संचालनमा ल्याईएको छ ।
६. क्याम्पसमा वैकल्पीक उर्जा प्रवद्धन केन्द्रको अनुदान सहयोगमा सौर्य उर्जा २०० वाटको जडान कार्य सम्पन्न भएको छ ।
७. घोडाघोडी नगरपालिकाको सहयोगमा करिव ४ सय सहभागी अट्ने  सुविधा सम्पन्न सभाहल निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।
८. क्याम्पसमा विश्वविद्यालय अनुदान आयोगको म्याचिंग ग्रान्डमा ६५ जोडा डेस्कवेन्च थप गरिएको छ ।
९. विश्वविद्यालय अनुदान आयोगको सहयोगमा ३० वटा स्टील कुर्ची र १ स्टील राउन्ड टेवल निर्माण गरिएको छ साथै ३ वटा टी टेवल निर्माण गरिएको छ ।
१०. पुस्तकालयमा ९ वटा र्‍याकहरु थप गरीएका छन् र ३ हजार वढी पुस्तकहरु थप गरीएका छन् ।
११.३ वटा प्रोजेक्टर खरीद गरीएको छ ।
१२. क्याम्पस परीसरमा पार्क निर्माण भएका स्थानमा ३५० ट्रली माटो पटानी गरिएको छ ।
१३. विश्वविद्यालय अनुदान आयोगको सहयोगमा क्याम्पसको भवन रंगरोगन कार्य सम्पन्न भएको छ ।
१४. नयाँ भवनमा क्याम्पस कार्यलय व्यवस्थीत गरिएको छ ।
१५. सुदुरपश्चिम प्रदेस , सामाजिक विकास मन्त्रालयको अनुदान सहयोगमा रु. ५ लाखको ल्यापटप तथा कम्प्युटर ,सूचना वोर्ड, थम्विङ्ग मेसिन  खरिद गरि प्रसासनिक कार्यलाई प्रविधिमय छिटोछरिटो र चुस्तदुरुष्त राख्नमा सहयोग पुर्‍याईएको छ ।
१६. महायज्ञदाताहरु र क्याम्पसमा विशिष्ट योगदान गर्ने महानुभावहरुको शिलालेखमा नाम उल्लेख गर्ने कार्यकालागि क्याम्पस परिसरमा स्तम्भ निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ ।
१७. क्याम्पसको शैक्षिक वातावरणलाई अनुशाशित , शान्त वनाई राख्न हरेक कृयाक्लापलाई निगरानी गर्न का लागि विश्वविद्यालय अनुदान आयोगको सहयोगमा १६ वटा सिसि क्यामेरा जडान गरिएको छ ।
१८. हालैमात्र क्याम्पसका शैक्षिक सुचनाहरुलाई डिजिटल प्रणालीमा लगिएको छ।

**शैक्षिक अवस्थामा प्रगतीः**

आदरणीय सभासद ज्यू,

शैक्षिक संस्थाहरुको सवैभन्दा  महत्वपुर्ण पक्ष शैगिक अवस्थमा सुधार हो । घोडाघोडी वहुमुखी क्याम्पसले शैक्षिक यात्राको सुरुवात २०७२ सालमा ३ वर्षे विएड कार्यक्रममा केहि सिमति विषयहरुमा मात्रै सम्वन्धन प्राप्त गरी अगाडी वढेको र समयक्रमसंगै स्नातक तह स्नातकोत्तर तहमा थप संकायहरुको सम्वन्धन प्राप्त गरी वहुआयामीक कार्यक्रमहरु हाल संचालनमा रहेका छन् । यसै गरी ं२ तहमा मा समेत शिक्षा मानविकी, व्यवस्थापन र विज्ञान विषयहरुको पठनपाठन भईरहेको छ ।

**आदरणीय सभासद ज्यू,**

हाल क्याम्पसमा +2 तहमा ६२० विद्यार्थीहरुले परीक्षा आवेदन फारम भरेका छन् भने स्नातक र स्नातकोत्तर तहमा १२ सय विद्यार्थी अध्ययनरत् छन् । प्रत्येक वर्ष विद्यार्थी भर्नाको दर वढ्दै गएको अवस्था छ । विद्यार्थीको परीक्षाफल राष्ट्रिय परीक्षा परीणाम भन्दा औषत वढी देखिएतापनि अपेक्षीत रुपमा सुधार गर्न अझै थुप्रै प्रयासहरु गर्नु आवश्यक देखिएको छ ।

आदरणीण महानुभावहरु,

हाल क्याम्पसमा ४५ प्राध्यापक तथाकर्मचारीहरु कार्यरत रहनु भएको छ । यस मध्ये ५ जना सहप्राध्यापक,९ जना पुर्णकालिन स्थायी उपप्राध्यापक ,८ जना करार सेवा उपप्राध्यापक, १५ जना आंशिक शिक्षण सहायक ,१ जना पुर्णकालिन  स्थायी प्रशासन प्रमुख, १ जना पुर्णकालिन स्थायी पुस्तकालय सहायक, १ जना पुर्णकालिन अस्थायी लेखासहायक, ३ जना पुर्णकालिन कार्यालय सहयोगी र १ जना करार वगैचा माली कार्यरत रहेका छन् । शैक्षिक जनशक्तिका माध्यमवाट शैक्षिक जनशक्तिका माध्यमवाट शैक्षिक गुणस्तर विकासकालागि क्याम्पस प्रयत्नशिल रहेको छ ।

उपस्थित सभासद ज्यूहरु,

क्याम्पसमा संचालित  कार्यक्रमहरुलाई वहुआयामीक वनाउनकालाीग यस क्याम्पसले स्नातक तह BSW , Mass communication and journalism र Economics विषयको सम्वन्धन थप गरी कक्षा संचालन हुदै आएको छ । स्नातकोत्तर तहमा MA Sociology ,Engish र MBS लाई सेमेस्टार प्रणालीमा संचालन गरिएको छ साथै यस वर्ष देखि MEd Health विषयमा समेत सम्वन्धन प्राप्त गरि सेमेस्टार प्रणाली शुरु भएकोको अवगत गराउदछु ।

समय र विद्यार्थीको माग वमोजिम क्याम्पसमा नया नया शैक्षिक कार्यक्रमहरु संचालनमा ल्याउदै गर्दा अवका दिनमा प्राविधिक शिक्षा तर्फ पनि जोड दिने सोच क्याम्पसको रहेको र प्राविधिक विषयको सम्वन्धनकालाीग क्याम्पसले विशेष पहलगर्न आवश्यक देखिएको छ ।

आदरणीय सभासद ज्यरु,

यस क्याम्पसले गुणस्तर विकासका लागि विभिन्न प्रयासहरु गरेको छ । आन्तरिक परीक्षा संचालन प्राध्यापक कर्मचारीहरुको प्रोत्साहन विकास गरीइको छ । अनुसन्धान संग जोडिएका कार्यक्रम संचालन गरेको छ । क्याम्पसले शैक्षिक गुणस्तर विकासकालागि गरेका कार्यहरुलाई निम्नुसार वुदाँगतरुपमा प्रश्तुत गरिएको छ ।

१. विद्यार्थीहरुको आन्तरिक परीक्षा संचालन गरीएको छ।

२. जनशक्ति विकासकालाीग २०७४।०७५मा २ जना उपप्राध्यापक लाई एमफिल अध्ययनकालाीग विदा उपलब्ध गराईएको छ ।

३. यस वर्ष Ph.D अध्यनको विदा १ जना सह प्राध्यापकलाई स्वीकृत गरीएको छ ।

४. प्राध्यापक कर्मचारीहरुमा प्रोत्साहन विकासकालागि ५ जना उपप्राध्यापकहरुलाई सहप्राध्यापक र १ जना कर्मचारीलाई वरिष्ट सहायक पदमा वढुवा गरिएको छ ।

५. ३ जना अस्थायी उपप्राध्यापक हरुलाई स्थायी गरिएको र १ जना पुस्तकालय सहायकलाई स्थायी गरिसकिएको  छ भने स्थायी प्रकृयामा रहेका अन्य उपप्राध्यापक कर्मचारीलाई उत्साहवृद्धि गर्न स्थायी प्रकृया पुरा गरिएको ।

६.क्याम्पसले विश्वविद्यालय अनुदान आयोगको सहयोगमा सुदुरपश्चिम प्रदेश स्तरिय Research Trainning कार्यक्रम सफलरुपमा विभिन्न क्याम्पसहरुको सहभागितामा सम्पन्न गरेको छ ।

७. अनुसन्धान क्षेत्रमा प्राध्यापकहरुलाई उत्साहित गर्न Research Management cell स्थापना गरिएको छ ।

८. Research Management Cell स्थापनाकालागि विश्वविद्यालय अनुदान आयोग संग सहयोग माग भएको र रु. १० लाख  रकम सम्झौता सम्पन्न भई उक्त कार्यले तिर्वता पाएको छ ।

९. सामाजिक विकास मन्त्रालय सुदुरपश्चिम प्रदेश संग क्ष्ख्त व्यवस्थापन  अनुदान माग गरी  काम सम्पन्न भएको छ, उक्त रकमवाट ल्यापटप,कम्प्युटर, डिजिटल सूचना वोर्ड जस्ता ICT उपकरण खरिद गरी प्रयोगमा ल्याईएको ।

१०. विश्वविद्यालय अनुदान अयोगको सहयोगमा प्राध्यापकहरुको लागि १७ वटा ल्यापटप खरिद गरि वितरण गरिएको छ , यस अनुदानमा ४ लाख २५ हजार प्राध्यापकहरुको सहयोग रहेको छ ।

११. क्याम्पसको Projector Method वाट शिक्षण गर्न ३ वटा Multimedia Projector खरिद गरि प्रयोगमा ल्याइएको छ ।

१२. विभिन्न विज्ञहरुको सहयोगमा क्याम्पसमा Motivation, awareness कार्यक्रम संचालन गरीएका छन् ।

१३. क्याम्पसको वेभसाइडलाइ Redesign गरीएको छ ।

१४. विद्यार्थीहरुलाई शिक्षामा पहुँच वढाउन क्याम्पसले आन्तरिक रुपम छात्रवृत्ती उपलब्ध गराउदै आएको छ । नवजीवन सहकारी संस्थामा घोडाघोडी वहुमुखी क्याम्पस छात्रवृत्ति कल्याणकोष स्थापना गरीएको छ ।

**आदरणीय सभासदज्यू,**

क्याम्पसको आर्थिक अवस्थाका वारेमा जुन ३ वर्षको विवरणलाई पनि यहाँहरुको माझ सारांशमा प्रश्तुत गर्ने जमर्को गरेको छु । यस क्याम्पसको विगतको तुलनामा आर्थिक अवस्थामा सुधार देखिए तापनि  प्राध्यापक कर्मचारीको संख्या संगै अन्य प्रशासनिक तथा भौतिक निर्माण कार्य लगायत सवै अवश्यकताहरु विद्यार्थीहरुको शुल्कवाट परीपुर्ति गर्न समस्या परेको छ । विश्वविद्यालय अनुदान आयोग, प्रदेस सरकार, स्थानिय सरकारको अनुदान मा विकास निर्माणका कार्यहरुले केहि गति लिएतापनि प्राध्यापक कर्मचारीको तलवभत्ता व्यवस्थापनमा समस्या पर्दै आईरहेको छ । क्याम्पसको २०७२ देखि ०७५ सम्मको आर्थिक प्रगतीलाई तुलनात्मक रुपमा तपशिल वमोजिम प्रश्तुत गरिएको छ ।

**तपशिल**

| SN | विवरण | 072/073 | 073/074 | 074/075 |
|---|---|---|---|---|
| 1 | अनुदान प्राप्ती | 1892920 | 2268317 | 5589847 |
| 2 | विद्यार्थी शुल्क आम्दानी | 13730818 | 22109994 | 20928382 |
| 3 | तलवभत्ता खर्च | 11773235 | 12966596 | 14480685 |
| 4 | विकास खर्च | 4050643 | 3657865 | 5287221 |
| 5 | कार्यालय खर्च | 386365 | 298406 | 490839 |
| 6 | छात्रावृत्ती | 174550 | 317800 | 519625 |
| 7 | परीक्षा खर्च | 2467075 | 2624758 | 3161984 |
| 8 | वचत | -2175518 | 1518601 | 3628117 |
| 9 | कुल वजेट | 19869296 | 22109994 | 27735818 |

माथीको टेवलवाट पनि वुझ्न सकिन्छ कि ३ वर्षको आर्थिक कारोवारलाई तुलनात्मक अध्ययन गर्दा प्रत्येक शिर्षकमा रकम बढ्दै भएको र आर्थिक सुधार हुदैं गएको देखिन्छ । विगतदेखि नै असन्तुलनमा रहको आयब्यवलाई ३ वर्षको विवरणले विस्तारै सन्तुलनमा ल्याउने प्रयास गरेतापनि नियमित तलवभत्ता ब्यवस्थापन भने गर्न सकिएको छैन ।